ख) स्थानिय सरकारको सञ्चालनका लागि आवश्यक न्यूनतम कानूनहरु पाँचै वडा कार्यालयहरुलाइ र सवै गाउँसभा सदस्यहरुलाइ नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मुलुकी ऐनलाइ प्रतिस्थापन गरी बनेका कानुनहरु र स्थानिय तहका अधिकार सँग सम्बन्धित बिषयगत कानुनहरु गाउँपालिकाको स्विकृत बजेटको परिधिमा रहे कानुनका पुस्तकहरु वितरण गर्ने ।

ग) राहत तथा विपद् व्यवस्थापन तर्फ घिरिङ गाउँपालिका वडा नं ५ को टेक बहादुर थापालाइ रु २०,००० मात्र अक्षेरुपी विस हजार मात्र आर्थिक सहायता प्रदान गर्ने।

घ) घिरिङ गाउँपालिकामा औधोगिक ग्राम घिरिङ गाउँपालिका वडा नं ४ गड्यौलिटार सिमलघारी (सिमलगैरामा) मा निर्माण गर्ने निर्णय गरियो ।

ङ) कालिगण्डी नदि डाइभर्सनका बिरुद्धमा सो नदिकिनारामा रहेका स्थानिय तहसँगको समन्वयमा घिरिङ गाउँपालिका तनहुँको आयोजनामा गण्डकी प्रदेशका मुख्यमन्त्री लगायतका महानुभावहरु तथा अन्य स्थानिय तहको समन्वयमा रहेर मिति निर्धारण गरी कालिगण्डकी नदि डाइभर्सन गर्ने वा नगर्ने बिषयमा वृहत छलफल कार्यक्रम आयोजना गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२४।०१ घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

२०७५।०७६-०२४।०२ गाउँसभा राख्ने सम्बन्धमा ।

२०७५।०७६-०२४।०३ राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।

२०७५।०७६-०२४।०४ आर्थिक ऐन, २०७६ सम्बन्धमा ।

२०७५।०७६-०२४।०५ आगामी आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२०७५।०७६-०२४।०६ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२४।०१

प्रस्ताव नं २०७५।०७६-०२४।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को लागि घिरिङ गाउँपालिका तनहुँको बार्षिक नीति तथा कार्यक्रम पारित गर्ने ।उल्लेखित नीति तथा कार्यक्रमको प्रति यसै साथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२४।०२

प्रस्ताव नं २०७५।०७६-०२४।०२ को प्रस्तावउपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको पाँचौ गाउँसभा बजेट अधिवेशन (आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तर्जुमा) तपशिल मिति समय र स्थानमा गर्ने निर्णय गरियोः

तपसिलः

मितिः २०७६ असार १० गतेदेखि

समयः दिनको १ बजेदेखी ।

स्थानः पोखरीछाप तनहुँ ।

निर्णय नं २०७५।०७६-०२४।०३

प्रस्ताव नं २०७५।०७६-०२४।०३ को प्रस्तावउपर छलफल गर्दा राजश्व परामर्श समितिको तर्फबाट प्राप्त राजश्व परामर्श समितिको प्रतिवेदन पारित गरि सामुदायिक बन उपभोक्ता समितिहरुबाट वनजन्य पदार्थहरु निकासी हुदाँका बखत आम्दानीको दश प्रतिशत राजश्व गाउँपालिकामा हालसम्म नबुझाएकोले चालू आर्थिक बर्षमा उठ्न बाँकी रकम तत्काल सम्बन्धित समितलाइ ताकेता गर्ने सो राजश्व नउठेसम्म गाउँपालिकाबाट हुने सो समिति सम्बद्ध कुनै पनि सिफारिस रोक्ने र आगामी दिनहरुमा गाउँपालिकामा बुझाउनुपर्ने रकम नबुझाएसम्म सिफारिसपत्र प्रदान नगर्ने नगराउने निर्णय गरियो । उल्लेखित प्रतिवेदन यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२४।०४

प्रस्ताव नं २०७५।०७६-०२४।०४ को प्रस्तावउपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को आर्थिक ऐन, २०७६ मा थप परिमार्जन गरी आगामी गाउँसभामा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२४।०५

प्रस्ताव नं २०७५।०७६-०२४।०५ को प्रस्तावउपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम को तयारीका लागी बिषयगत समितिहरुलाइ जिम्मेवारी प्रदान गरी सोका आधारमा आगमी गाउँसभा अधिवेशनमा बजेट तथा कार्यक्रम पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०२४।०६

प्रस्ताव नं २०७५।०७६-०२४।०६ को विविध प्रस्तावउपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

क) देहाय बमोजिमका व्यक्तीहरुलाइ आर्थिक सहायता प्रदान गर्ने

क्र स	व्यक्तीको नाम थर ठेगाना	आर्थिक सहायता रकम रु	क्षतीको संक्षिप्त विवरण	कैफियत
१	भेषराज पोखेल घिरिङ १ तनहुँ	१० हजार मात्र	हावाहुरीको कारण क्षति पुर्याएको	
२	भविसरा थापा घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
३	किरण राना घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
४	तिलमाया आले घिरिङ ३ अर्चलकोट	१ हजार मात्र	तालिमको क्रममा घाइते भएको	
५	कान्त बहादुर नेपाली घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
६	सन्त बहादुर दमाइ घिरिङ ३ डाँडाँथोक	कृष्ण मार्गमा आएको पहिरो सरसफाइ गर्न रु २० हजार मात्र र सोही स्थानमा मेसिनरी वाल निर्माण गर्न विपद् व्यवस्थापन को शिर्षकबाट रु २ लाख विनियोजन गर्ने ।	अविरल बर्षाको कारण घरगोठमा क्षति पुगेको	

(ख) घिरिङ १ र २ को घ्याछाप पुट्टार खण्डमा विद्युतिकरणको योजनामा रु ३ लाख बजेट गाउँपालिका विद्युतिकरणको बजेटबाट रकामान्तर गराइ नियमानुसार काम गराउने निर्णय गरियो ।

(ग) चनौटे कूलो स्ल्याव निर्माणको योजनालाइ ह्यम पाइप खरिद गर्ने गरी योजनाको नाम संशोधन गर्ने ।

(घ) चक्रदेवी मोटरमार्गमा रु ८००००० को योजनामा मानपुरको उकालोमा तत्काल ढलान गर्ने गरि योजनाको स्विकृत लागत अनुमानमा संशोधन गर्ने ।

(ङ) घिरिङ १ र २ को घ्याछाप पुट्टार खण्डको विद्युतिकरणमा आएको समस्या समाधानका लागि सम्बन्धीत वडाको वडासमितिलाइ जिम्मेवारी प्रदान गरी तहाँकै वडासमितिको निर्णयका आधारमा योजना सञ्चालन गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२५।०१ घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ सम्बन्धमा ।

२०७५।०७६-०२५।०२ औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।

२०७५।०७६-०२५।०३ आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।

२०७५।०७६-०२५।०४ घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ सम्बन्धमा ।

२०७५।०७६-०२५।०५ योजनाको हिज्जे परिवर्तन सम्बन्धमा ।

२०७५।०७६-०२५।०६ आर्थिक बर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२०७५।०७६-०२५।०७ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२५।०१

प्रस्ताव नं २०७५।०७६-०२५।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ मा परिमार्जन गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

बैठकका अन्य कार्यसूचिहरु स्थगन गरी आगामी कार्यसूचिहरु अघिल्लो कार्यपालिका बैठकमा पेश गर्ने गरी आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२६।०१ घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ सम्बन्धमा ।
२०७५।०७६-०२६।०२ औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।
२०७५।०७६-०२६।०३ आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
२०७५।०७६-०२६।०४ घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ सम्बन्धमा ।
२०७५।०७६-०२६।०५ योजनाको हिज्जे परिवर्तन सम्बन्धमा ।
२०७५।०७६-०२६।०६ आर्थिक बर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०२६।०७ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२६।०१

प्रस्ताव नं २०७५।०७६-०२६।०१ को प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ पारित गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०२

प्रस्ताव नं २०७५।०७६-०२६।०२ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको वडा नं ४ सिमलघारीमा रहेको सार्वजनिक जग्गामा औधोगिक ग्राम निर्माण गर्न आवश्यक कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं २०७५।०७६-०२६।०३

प्रस्ताव नं २०७५।०७६-०२६।०३ प्रस्तावमाथी छलफल गर्दा पाँचवटै वडा कार्यालयहरु तथा पाँचवटै विषयगत समितिहरुको प्रस्ताव पारित गरी आगामी गाउँसभामा पेश गर्ने । उल्लेखित प्रति यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२६।०४

प्रस्ताव नं २०७५।०७६-०२६।०४ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सकारात्मक उत्प्रेरणा अभिवृद्धि गराइ स्थनिय सरकारको काम कारवाहिलाइ चुस्त दुरुस्त पारी प्रभावकारी सेवा प्रवाह मार्फत सुशासनको अनुभूति दिलाउने स्थानिय सरकारको मूलभुत आदर्शलाइ पुरा गराउन आर्थिक बर्ष २०७५।०७६ मा राष्ट्रसेवक कर्मचारीहरुको योगदानको उच्च मूल्याङ्कन गरि सो को कदर गर्दै लागि प्रोत्साहनका लागि गाउँपालिका अध्यक्षज्यूको सिफारिसमा रहने गरी कर्मचारीहरुलाइ बढीमा हाल साविक खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ पारित गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०५

प्रस्ताव नं २०७५।०७६-०२६।०५ को प्रस्तावमाथी छलफल गर्दा देहाय बमोजिमका योजनाहरुको योजनाको हिज्जे संशोधन गर्नेः

क) सिजालीथर पार्टी प्यालेस अधुरो शिर्षकमा विनियोजित रकम रु २ लाखको योजनालाइ गरि सृजना विकास आमा समुह भवन निर्माणमा संशोधन गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०६

प्रस्ताव नं २०७५।०७६-०२६।०६ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकाबाट मिति २०७६ असार २४ गतेसम्म गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी भएका बार्षिक विकासका योजनाहरु फरफारक गरी हालसम्मको चालू तथा पूँजिगत खर्च अनुमोदन गरी आर्थिक बर्ष २०७५।०७६ को समाप्ति सँगै आर्थिक बर्ष २०७६।०७७ को सुरुवातमै सार्वजनिक सुनुवाइ सम्पन्न गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०७

प्रस्ताव नं २०७५।०७६-०२६।०७ को विविध प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

क)

क) देहाय बमोजिमका व्यक्तीहरुलाइ आर्थिक सहायता प्रदान गर्ने

क्र स	व्यक्ती तथा संस्थाको नाम थर ठेगाना	आर्थिक सहायता रकम रु	क्षतीको संक्षिप्त विवरण	कैफियत
१	सामुदायिक रेडियो रामपुर	२०००० ।	सूचना प्रशारण गरेवापत	
२	गोरे बहादुर खपाङ्गी फुटवल कार्यक्रम	१०००० ।	हावाहुरीले घरको छाना उडाएको	
३	नेपाल मगर महिला संघको अधिवेशनका लागि आर्थिक सहयोग माग सम्बन्धमा ।	१०००० ।	हावाहुरीले घरको छाना उडाएको	
४	शुक्लागण्डी एफ एम लाइ आर्थिक सहयोग सम्बन्धमा ।	१०००० ।	तालिमको क्रममा घाइते भएको	
५	बन्दिपुर युनेस्को क्लवद्धारा तनहुँ पर्यटन पुस्तक प्रकाशन सम्बन्धमा ।	२०००० ।	हावाहुरीले घरको छाना उडाएको	
६	भुम कुमारी थापा क्षेत्री घिरिङ गाउँपालिका १	१०००० ।	मृगौला डाइलाइसिस गर्नुपर्दा धेरै खर्च भएको आर्थिक अवस्था कमजोर रहेकोले सहयोग ।	
७	चित्र बहादुर कुमाल घिरिङ ४ नयाँटार	१००००	कलेजोमा समस्याका कारण नियमित रुपमा उपचार गर्नुपरेकोले	
८	पूर्ण वहादुर थापा	२००००	पहिरोको कारण घर जोखिममा रहेकोले आर्थिक	

	घिरीङ ३ डाँडाँथोक		सहयोग	
९	पुष्पादेवी पोखेल घिरिङ १ अत्रौली तनहुँ	१००००	क्यान्सर रोगको उपचार गर्दा खर्च धेरै भएकोले राहत सहयोग दिने ।	
१०	सुख बहादुर थापा घिरिङ २ सतगैरा	१००००	गोठ जलेर नष्ट भएकोले राहत दिने ।	
११	ज्ञानमाया ढकाल घिरिङ १ बैडी रातोडाँडाँ	१००००	हावाहुरीले घरमा क्षति पुर्याएकोले राहत दिने ।	
१२	जुर बहादुर आले घिरिङ ३ खिला	१००००	घरमुनी पहिरो गई जोखिम भएकोले राहत दिने ।	

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२७।०१ घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७५।०७६ को योजना तथा कार्यक्रम फरफारक तथा भुक्तानी सम्बन्धमा ।

२०७५।०७६-०२७।०२ वडा नं १ वडाअध्यक्ष गंगाराम कुमालको सेवा सुविधा सम्बन्धमा ।

२०७५।०७६-०२७।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२७।०१

प्रस्ताव नं २०७५।०७६-०२७।०१ को प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७५।०७६ का तपशिल बमोजिमका योजनाहरु आव २०७६।०७७ मा क्रमागत रुपमा निरन्तरता दिई निम्नानुसारका योजनाहरुको भुक्तानी गर्ने गरि फरफारक गरियोः

तपशिलः

१ नेपाल मगर संघ कार्यालय भवन निर्माण वडा नं ३ रु १० लाख ।

२ वडा नं १ र २ को घ्याछाप पुट्टार विद्युतिकरण योजना रु ४० लाख ।

३ गजरकोट घिरिङ साध विद्युतिकरण योजना रु १५ लाख ।

निम्नः

१ घ्याछाप पुट्टार मोटरमार्ग ग्राभेल तथा नाला निर्माण रु ६० लाख को योजनामा भुक्तानी गर्न स्विकृत रु ५१४८०००।

२ मदन मोटरमार्ग निर्माण रु २० लाखको योजनामा रु भुक्तानी दिन स्विकृत रु १६३७८०००।

३ कृष्ण मावि पुट्टार भवन निर्माण योजना ।

निर्णय नं २०७५।०७६-०२७।०२

प्रस्ताव नं २०७५।०७६-०२६।०२ को प्रस्तावमाथी छलफल गर्दा जिल्ला अदालत तनहुँको मिति २०७६ असार २५ गतेको फैसला अनुसार घिरिङ गाउँपालिका वडा न १ निवासी एवं वडा नं १ का वडाअध्यक्ष श्री गंगाराम कुमालविरुद्धको मुद्धाउपर निर्णय भएकोले निजले गण्डकी प्रदेशको निर्णय बमोजिम पाउने हालसम्मको मासिक पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२७।०३

प्रस्ताव नं २०७५।०७६-०२६।०३ को प्रस्तावमाथी छलफल गर्दा आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७-००१।०१ घिरिङ गाउँपालिका तनहुँको २०७६।०७७ को दररेट निर्धारण सम्बन्धमा ।
२०७६।०७७-००१।०२ करार कर्मचारीको करार म्याद थप सम्बन्धमा ।
२०७६।०७७-००१।०३ आर्थिक बर्ष २०७५।०७६ को आय व्यय सम्बन्धमा ।
२०७६।०७७-००१।०४ आन्तरिक आम्दानी संकलनका लागि ठेक्का सम्बन्धमा ।
२०७६।०७७-००१।०५ घिरिङ गाउँपालिका तनहुँको संस्था दर्ता ऐन, २०७६ सम्बन्धमा ।
२०७६।०७७-००१।०६ योजना किताव परिमार्जन सम्बन्धमा ।
२०७६।०७७-००१।०७ भवन निर्माण मापदण्ड निर्धारण सम्बन्धमा ।
२०७६।०७७-००१।०८ घरभाडा म्याद थप सम्बन्धमा ।
२०७६।०७७-००१।०९ आव २०७५।०७६ को आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।
२०७६।०७७-००१।१० गाउँपालिकाको लेटरप्याड निर्धारण सम्बन्धमा ।
२०७६।०७७-००१।११ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००१।०१

प्रस्ताव नं २०७६।०७७-००१।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को लागि दररेट निर्धारणका लागि प्रतिवेदन मिति २०७६ भदौ ८ गतेको कार्यपालिका बैठकमा पेश गर्ने गरि देहाय बमोजिमको दररेट निर्धारण समिति निर्माण गर्नेः

संयोजकः श्री रण बहादुर गुरुङ वडा नं ३ वडाअध्यक्ष
सदस्यहरुः कार्यापालिका सदस्य श्री प्रेमबहादुर थापा, श्री दुर्गामाया थापा श्री शक्ती थापा
सदस्य सचिवः श्री विदुर मरहट्टा सव इन्जिनियर घिरिङ गाउँपालिका तनहुँ ।

निर्णय नं २०७५।०७६-०२६।०२

प्रस्ताव नं २०७५।०७६-०२६।०२ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा आर्थिक बर्ष २०७५।०७६ देखी कार्यरत देहायबमोजिमका कर्मचारीहरुको मिति २०७६ साउन १ गतेदेखी लागुहुने गरी तपशिल बमोजिमका कर्मचारीहरुको करार म्याद थप गर्ने निर्णय गरियोः

क्रस	पद	नाम थर	तह	मासिक तलब	कार्यरत कार्यालय	कैफियत
१	इन्जिनियर	श्री सुमित आलेमगर	अधिकृतस्तर छैटौ	३५९९०	गाउँपालिका तनहुँ ।	
२	सुचना प्रविधि अधिकृत	श्री बिष्णु पोखेल	अधिकृतस्तर छैटौ	३५९९०	गाउँपालिका तनहुँ ।	
३	सव इन्जिनियर	श्री विदुर मरहट्टा	सहायक पाँचौ	२८२००	गाउँपालिका तनहुँ ।	
४	सव इन्जिनियर	श्री मदन गुरुङ	सहायक पाँचौ	२८२००	गाउँपालिका ।	
५	सव इन्जिनियर	तारानाथ रानाभाट	सहायक पाँचौ	दैनिक रु ९४०	गाउँपालिका ।	दैनिक ज्यालादारी करार
६	हलुका सवारी चालक	श्री होम बहादुर थापा	प्रथम स्तर	२२०१०	गाउँपालिका ।	
७	हलुका सवारी चालक	श्री चन्द्रबहादुर शार्की	प्रथम स्तर	२२०१०	गाउँपालिका ।	

८	नायव पशु सेवा प्राविधिक	श्री मनोज श्रेष्ठ	सहायक चौथो	२६६१०	गाउँपालिका ।	२०७६ कार्तिक मसान्तसम्मका लागि म्याद थप गर्ने ।
९	नायव पशु स्वास्थ्य प्राविधिक	श्री सन्तोष सिग्देल	सहायक चौथो		गाउँपालिका ।	
१०	नायव प्राविधिक सहायक कृषि	श्री बर्षा थापा	सहायक चौथो		गाउँपालिका ।	
११	कार्यालय सहयोगी	श्री पुनम थापा	-	७०००	वडा नं २	
१२	कार्यालय सहयोगी	श्री खुममाया थापा	-	७०००	वडा नं ३	
१३	कार्यालय सहयोगी	श्री विसरा थापा	-	७०००	वडा नं ४	
१४	कार्यालय सहयोगी	श्री टेकमाया थापा	-	७०००	वडा नं ५	
१५	कार्यालय सहयोगी	श्री राजु श्रेष्ठ	-	१२९८०	वडा नं १	
१६	कार्यालय सहयोगी	श्री रशु श्रेष्ठ	-	१२९८०	गाउँपालिका	
१७	सामाजिक परिचालक	श्री विमला श्रेष्ठ	सहायक चौथो	प्राप्त बजेट अनुसार	गाउँपालिका	गरिवसँग विशेश्वर कार्यक्रम
	अनमी	श्री मिना परियार	सहायक चौथो	२२१७०	साभुङ स्वास्थ्य चौकी	
	अनमी	श्री दिलमाया थापा	सहायक चौथो	२२१७०	घिरिङ स्वास्थ्य चौकी	
१८	सामाजिक परिचालक	श्री शान्ता खनाल	-		गाउँपालिका	हाललाइ करार म्याद थप नगर्ने ।
१९	सामाजिक परिचालक	श्री मेनुका थापा	-			
२०	अहेव	श्री भुवानी पोखरेल	-		सामुदायिक स्वास्थ्य इकाइ अत्रौली	हाललाइ करार म्याद थप नगर्ने ।
	अहेव	श्री सुमन थापा	-			
२१	अनमी	श्री रोजिशा ढुङ्गाना	-		सामुदायिक स्वास्थ्य इकाइ गड्यौलीटार	
२३	अहेव	श्री रेनुका श्रेष्ठ	-			
२४	अहेव	श्री विकास मान श्रेष्ठ	सहायक चौथो	१६५००	फूला सामुदायिक स्वास्थ्य इकाइ	
२७	कास	श्री पूर्ण बहादुर थापा	-	१२९८०	घिरिङ स्वास्थ्य चौकी	
२८	कास	श्री नर बहादुर थापा	-	१२९८०	गजरकोट स्वास्थ्य चौकी	
३०	कास	श्री सन्जु श्रेष्ठ	-	८०००	साभुङ स्वास्थ्य चौकी	

गाउँपालिकामा दरवन्दी अनुरुपको कर्मचारी नहुँदा दैनिक सेवाप्रवाहमा समेत कठिनाइ उत्पन्न भएकोमा हालसम्म संघीय सरकारबाट हालसम्म कुनै पनि कर्मचारी समायोजन भइ नआएकोले गाउँपालिकामा १ जना र पाँचवटै वडा कार्यालयहरुमा १।१ जनाका दरले गरी ५ जना गरी कूल जम्मा ६ जना सहायक कम्प्यूटर अपरेटरको लागि मासिक तलब रु १२ हजार मात्र पाउने गरी जसको लागि लोकसेवा आयोगबाट स्थानिय तहको चौथो तहको सहायक कम्प्यूटर अपरेटर पदको लागि निर्धारित पाठ्यक्रममा रहेर लिखित तथा प्रयोगात्मक परीक्षाबाट योग्यताक्रमका आधारमा परीक्षा मार्फत करार सेवामा सेवा प्राप्त गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००१।०३

प्रस्ताव नं २०७५।०७६-०२६।०३ प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७५।०७६ को बार्षिक आय व्ययको विवरण पारित गरियो सो को संक्षिप्त विवरण र अनूसूचिको उल्लेखित प्रति यसैसाथ संलग्न रहेको छ ।

आर्थिक बर्ष २०७५।०७६ को संक्षिप्त विवरणः

अ) अनुमानित गरिएको आय रु ४०,२४,०६,१९९। (अक्षेरुपी चालिस करोड चौविस लाख छ हजार एक सय उनान्सय मात्र) ।

आ) खुद भएको आय रु ३८,७४,६९,५०९।५६ (अक्षेरुपी अठ्ठितस करोड चौरहत्तर लाख उनान्साठी हजार पाँच सय नौ सय मात्र) जसमध्ये रु १,४९,३६,६८९।४४ (एक करोड उनान्पचास लाख छत्तिस हजार छ सय उनान्असि रुपैया चौवालिस मात्र) राजश्व बाँडफाँडको रकम संघ र प्रदेशबाट निकासा हुन बाँकी रहेको र आन्तरिक आम्दानी हुन नसकको ।

इ) कुल खर्च रु ३१,२४,६२,२२४।९३ (अक्षेरुपी एकतिस लाख चौविस लाख बैसठ्ठी हजार दुइ सय चौविस मात्र) प्रतिशतमा जम्मा ८०.६४ प्रतिशत खर्च भएको)

ई) खर्च नभएको सशर्तको बजेट फिर्ता रु २,६४,९८,८३६।२४ (अक्षेरुपी दुइ करोड चौसठ्ठी लाख अन्ठानव्वे हजार आठ सय छत्तिस मात्र) ।

उ) गाउँपालिकाको संचित कोषमा मौज्दात रु ४,८५,०८,४४८।३९ (अक्षेरुपी चार करोड पचासी लाख आठ हजार चार सय अठचालिस मात्र) ।

आर्थिक बर्ष २०७५।०७६ को खुद आन्तरिक आम्दानीको अवस्था

आर्थिक बर्ष २०७५।०७६ को लागि गाँउसभाबाट लक्षित आन्तरिक आम्दानी रु ५० लाख ।

२०७५ साउन देखी २०७६ असार मसान्तसम्म भएको आम्दानीको विवरण वडागत रुपमाः

क स	वडा नं	आम्दानी रु	कैफियत
१	१	४,०३,३१४।००	
२	२	४,१६,२३१।००	
३	३	२,२९,८३२।००	
४	४	४,५१,७८४।९०	
५	५	२५२,,४३५।००	
६	गाउँपालिका	९,०७,४६९।६४	
आर्थिक बर्ष २०७५।०७६ को कुल आम्दानी		२६,६१,०६७।५४	

आय व्ययको विवरणको अनुसूचि यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७६।०७७-००१।०४

प्रस्ताव नं २०७६।०७७-००१।०४ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको पाँचौ गाउँसभाबाट पारित आर्थिक ऐन २०७६ को अधिनमा रहेर गाउँपालिकाको आन्तरिक आम्दानीतर्फ जडीवुटी कवाडी र जीवजन्तु कर, पशुपंछी निकासी कर, पार्किङ शुल्क, पर्यटन शुल्क, दहत्तर बहत्तर तर्फको विक्रि शुल्क ठेक्का मार्फत संकलन गर्नको लागि आर्थिक बर्ष २०७६।०७७ को असार मसान्त सम्म लागु हुने गरी न्यूनतम रु ५० हजारमा बढाबढमा हुने गरी ३० दिनको म्याद दिइ सूचना गर्ने निर्णय गरियो । ठेक्का सम्झौताको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्झौताको रकम गाउँपालिकाको सञ्चित कोषमा अनिवार्य रुपमा जम्मा गरेपश्चात मात्र सम्झौता गरी कायदिश दिने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-०००१।०५

प्रस्ताव नं २०७६।०७७-००१।०५ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको संस्था दर्ता ऐन, २०७६ पारित गरी अनुमोदनका लागी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

पेज **५** मध्यको **३**

निर्णय नं २०७६।०७७-००१।०६

प्रस्ताव नं २०७६।०७७-००१।०६ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकाको योजना किताबमा निम्नानुसारको परिमार्जन गर्ने निर्णय गरियोः

उपभोक्ता समितिको माइन्यूटको विस्तृत विवरण लेखिदिने ।
डोर हाजिर फारममा पेज थप्ने ।
अन्य विषयमा कार्यालयलाइ जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं २०७६।०७७-००१।०७

प्रस्ताव नं २०७६।०७७-००१।०७ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिका प्राविधिक शाखालाइ आवश्यक कानूनी व्यवस्थाको लागि कार्यादेश दिइ आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं २०७६।०७७-००१।०८

प्रस्ताव नं २०७६।०७७-००१।०८ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँले आर्थिक बर्ष २०७५।०७६ देखी घरभाडा सम्झौता भएकोमा मिति २०७६ साउन १ गतेदेखी लागु हुने गरी तपशिल बमोजिमका व्यक्तिहरुसँगको घरभाडा सम्झौता २०७७ असार मसान्तसम्मका लागि घरजग्गा कोठा भाडामा लिने गरी घरभाडा सम्झौताको म्याद थप गर्ने निर्णय गरियोः

क्र स	व्यक्तीको नाम थर ठेगाना	मासिक घरभाडा रकम रु	प्रयोजन	कैफियत
१	यम बहादुर आले घिरिङ ३ तनहुँ	३४००	स्वास्थ्य शाखा, पशु सेवा शाखा स्टोर शाखा	
२	नेवा समाज भवन घिरिङ ३ तनहुँ	१५००	वर्थिङ सेन्टर सञ्चालनार्थ	
३	खेमराज पोखेल घिरिङ १ तनहुँ	२०००	सामुदायिक स्वास्थ्य इकाइ अत्रौली	
४	झम बहादुर अधिकारी घिरिङ ४ तनहुँ	१४००	सामुदायिक स्वास्थ्य इकाइ गड्यौली	
५	शुकमाया थापा घिरिङ ४ तनहुँ	१५००	सामुदायिक स्वास्थ्य इकाइ फूला	
६	तारा खनाल घिरिङ १ तनहुँ	५०००	वडा नं १ को कार्यालय	
७	बिश्वराज थापा घिरिङ २ तनहुँ	५०००	वडा न २ को कार्यालय	
८	गंगा प्रसाद थापा र नैनसिंह थापा घिरिङ ३	१५०००	वडा नं ३ को कार्यालय तथा शाखा	
९	अन्जना थापा घिरिङ ४ तनहुँ	५०००	वडा नं ४ को कार्यालय	
१०	विकासमान श्रेष्ठ घिरिङ ३ तनहुँ	३५००	गाउपालिका आवास गृह	
११	राजु श्रेष्ठ घिरिङ ३ तनहुँ	६०००	गाउपालिका आवास गृह	२०७६ भदौ १ गतदेखी लागुहुने गरी
१२	खिममाया श्रेष्ठ घिरिङ ३ तनहुँ	३५००	गाँउपालिका स्टोर तथा आवास	

निर्णय नं २०७६।०७७-००१।०९

प्रस्ताव नं २०७६।०७७-००१।०९ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७५।०७६ को सम्पुर्ण चालु तथा पूजिँगत खर्चको आन्तरीक लेखापरीक्षणका लागी कोष तथा

लेखा नियन्त्रण कार्यालय दमौली तनहुँलाइ पत्राचार गरी सो कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराइ अन्तिम लेखापरीक्षण गराउने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००१।१०

प्रस्ताव नं २०७६।०७७-००१।१० को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँ तथा वडा कार्यालयहरुको लेटरप्याड देहायबमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

सोको प्रति यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७६।०७७-००१।११

प्रस्ताव नं २०७६।०७७-००१।११ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमको निर्णय गरियोः

क) शहरी विकास तथा भवन कार्यालय गण्डकी प्रदेश को मिति २०७६।४।१४ को चलानी नं ३१ को पत्रानुसार घिरिङ गाउँपालिका तनहुँ पोखरीछापमा बहुउद्देश्यिय सभाहल निर्माण गर्न गाउँसभाबाट पोखरीछाप अतिथिगृह निर्माणको बजेट रु २० लाखबाट प्रदेश सरकारसँग साझेदारी गर्ने निर्णय गरियो ।

ख) नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१।१० को निर्णयअनुसार स्थानिय तहलाइ उपलव्ध गराइएको गाउँपालिकामा विपद् जोखीम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को परिच्छेद २ दफा ३ बमोजिमको समिति गठन गर्नेः जसमा पदेन सदस्य रहने पदाधिकारीहरु सोही बमोजिम रहने तथा जिल्ला प्रशासन कार्यालयको मिति २०७६।४।१३ को च न २७३ को पत्रानुसार सो कार्यालयको प्रतिनिधि नासु डिल बहादुर भुजेल गरी समिति गठन गर्ने निर्णय गरियो समितिको विस्तृत विवरण यसैसाथ संलग्न रहको छ ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७ - ००२।०१ आर्थिक बर्ष २०७६/०७७ को दररेट निर्धारण सम्बन्धमा ।
२०७६।०७७ - ००२।०२ तिज गित प्रतियोगिता सञ्चालन सम्बन्धमा ।
२०७६।०७७ - ००२।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००२।०१

प्रस्ताव नं २०७६।०७७-००२।०१ को प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को दररेट सम्बन्धमा मिति २०७६/०५/०९ गते १० बजे गाउँपालिकामा कार्यरत चार जना प्रविधिक र दररेट निर्धारणा सम्बन्धमा छलफलगरी टुङ्गो लागाई तत्काल कार्यपालिकाको बैठकमा पेश गर्ने भन्ने सर्वसम्वत निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००२।०२

प्रस्ताव नं २०७६।०७७-०२।०२ को प्रस्तावमाथी छलफल गर्दा २०७६ सालको हरितालिका तीजको उपल्छयमा घिरिङ गाउँपालिका महिला जनप्रतिनिधि तथा महिला सञ्जाल घिरिङबाट मिति २०७६/०५/१२ मा सञ्चालन हुन गईरहेको तीज गीत प्रतियोगितामा सहभागीहरूले अफ्नो नेपाली नागरिकता प्रमाणपत्र सहित टिम दर्ता गराउनुपर्ने साथै मिति २०७६/०५/०४ गतेको दिन यसै गाउँपालिकाको उपाध्यक्ष श्री सरस्वती घिमिरे सिग्देलज्यूको अध्यक्षतामा बसेको बैठकबाट निर्णय भएका प्रस्तावहरूका आधारमा कार्यक्रम अगाडी बडाउने भन्ने सर्वसम्वत निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००२।०३

प्रस्ताव नं २०७६।०७७-००२।०३ को प्रस्तावमाथी छलफल गर्दा तपसिलका घिरिङ गाउँपालिका भित्र रहेका मटर बाटोका अप्टारा स्थानहरूमा ईस्टिमेट अनुसार मर्मत तथा सरसफाई गर्ने सर्वसम्वत निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००२।०४

प्रस्ताव नं २०७६।०७७-००२।०४ को प्रस्तावमाथी छलफल गर्दा तपसिलका व्यक्तिहरूलाई नम्नानुसारको आर्थिक सहायता गर्ने भन्ने सर्वसम्वत निर्णय गरियो ।

तपसिल

क्र.सं.	नामथर	विवरण	ठेगाना	रकम	कैफियत
१	मकर बहादुर थापा	आमाको हत्याभएको तथा आर्थिक अबस्था विपन्न भएकोले सहयोग मात्र ।	घिरिङ ४	३५,०००	
२	मिन बहादुर थापा	घरमुनीको पैरो रोक्न पर्खाल उठाउन सहयोग ।	घिरिङ ४	१०,०००	
३	इमानसिङ थापा	हावाहुरीले छाना उडाएको	घिरिङ ५	१०,०००	
४	मनिश्वर राना	काठेकोट छाना उडाएको	घिरिङ २	१०,०००	

५	पदम वहादुर कुमाल समेत	गड्यौलीटार स्टेटमेन्ट अनुसार काठको डोड चुहिएकोले पोलिथिन पाइप खरिद गर्न	घिरिङ ४	२५,०००	
६	टोप बहादुर रामदाम	पहिरो नियन्त्रण गर्न सहयोग	घिरिङ २	१०,०००	
७	भिष्म नेवार समाज	लाखनाच तथा विविध प्रतियोगिता आयोजनामा सहयोग	भिमाद ६	१०,०००	
८	कोष वहादुर श्रेष्ठ	नेवारी ड्रेसका लागि सहयोग	घिरिङ ३	५०,०००	
९	होम बहादुर थापा	मृगौला डाइलासिस भैरहेकोले सहयोग	घिरिङ ४	१०,०००	
१०	नारायणी खनाल	छाना उडाएको	घिरिङ १	१०,०००	
११	खुमलाल गौतम	रगत, पिसाव, टाउको रोगी भएकोले उपचारगर्न आर्थिक सहयोग मात्र बुवाको नाम खगेन्दराज गौतम	घिरिङ २	१०,०००	
१२	लिल बहादुर राना	कुलो मर्मत तथा पाईप खरिद	घिरिङ ४	१०,०००	

आजको कार्यपालिका बैठक समापन गर्ने ।

घिरिङ गाउँपालिका कार्यालय

प्रस्तावहरुः-

२०७६।०७७-००३।०१ घिरिङ गाउँपालिका तनहुँको प्रशासकीय भवन निर्माण सम्बन्धमा।
२०७६।०७७-००३।०२ सेवा करारमा नगर प्रहरी नियुक्त गर्ने सम्बन्धमा।
२०७६।०७७-००३।०३ आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा।
२०७६।०७७-००३।०४ नदिजन्य पदार्थको ठेक्का सम्बन्धमा।
२०७६।०७७-००३।०५ घिरिङ गाउँपालिका तनहुँको आन्तरिक आय संकलन सम्बन्धमा।
२०७६।०७७-००३।०६ चालू आर्थिक वर्षको योजना कार्यान्वयन तथा योजना किताव लागु सम्बन्धमा।
२०७६।०७७-००३।०७ सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।
२०७६।०७७-००३।०८ विविध सम्बन्धमा।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००३।०१

प्रस्ताव नं २०७६।०७७-००३।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को लागि स्विकृत देहायवमोजिमका योजनाहरुको कार्यान्वयनमा निम्नानुसार गर्ने निर्णय गरियोः

देहाय

(क) योजनाको नामः घिरिङ गाउँपालिकाको प्रशासकिय भवन निर्माण

- अनुमानित लागत अनुमान रुः २,२०,१२,९६२.०० दुइ करोड विस लाख बाह्र हजार नौसय बैसठ्ठी मात्र ।

- रकम व्यहोर्ने श्रोतः गाउँपालिका आन्तरिक श्रोत र गण्डकी प्रदेश सरकार शसर्त अनुदान

- निर्णयको व्यहोराः गाउँसभाको बैठकबाट श्रोत सुनिश्चित गरेको यस योजनाको लागि चालू आवको कार्यसम्पादन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको लागत अनुमान रु २ करोड २० लाख १२ हजार नौ सय वैसठ्ठी मात्रको विषयमा उक्त लागत अनुमान स्विकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रहि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाइ निर्देशन गर्ने ।

- कैफियतः नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को चलानी नं ६३ मिति २०७६।०५।२०को पत्रानुसार स्थानिय तहहरुको प्रशासकिय भवन निर्माण सम्बन्धी पत्रको व्यहोरा समेत अवगत भएकोमा गाउँपालिकाबाट अघिल्लो आवमा गाउँपालिकाका प्रशासकिय भवनहरुको DPR तयार भैसकेकोले यसै निर्णय बमोजिम गर्ने ।

(ख) योजनाको नामः गाउँपालिकाको पाँच वटै वडा कार्यालयहरुको प्रशासकिय भवन निर्माण

- अनुमानित लागत अनुमान रुः प्रत्येक पाँच वटै वडाको लागि रु २८,८३,७१५.०० अठ्ठाइस लाख त्रियासी हजार सात सय पन्ध्र मात्रका दरले हुन आउने कूल १,४४,१८,५७५.०० एक करोड चौवालिस लाख अठ्ठार हजार पाँच सय पचहत्तर मात्र।

- रकम व्यहोर्ने श्रोतः गाउँपालिका आन्तरिक श्रोत ।

- निर्णयको व्यहोराः गाउँसभाको बैठकबाट श्रोत सुनिश्चित गरेको यस योजनाको लागि चालू आवको कार्यसम्पादन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको लागत अनुमान रु १ करोड ४४ लाख १८ हजार ५ सय पचहत्तर मात्रको विषयमा उक्त लागत अनुमान स्विकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रहि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाइ निर्देशन गर्ने सो योजनाको लागि आवश्यक अपुग रकमको श्रोत सुनिश्चितता प्रदान गर्ने ।

- कैफियतः

वडा नं १ को वडा कार्यालय निर्माण स्थलको सम्बन्धमा विवाद उत्पन्न भएकोले सो विवाद समाधान नभएसम्मका लागि हाललाइ वडा नं १ को कार्यालय भवन निर्माणको ठेक्का सम्बन्धि कार्य रोक्ने ।

वडा नं २ को कार्यालय भवन घिरिङ गाउँपालिका वडा नं २ को घिरिङ देउरालीमा निर्माण गर्ने।

वडा नं ३ को कार्यालय भवन घिरिङ गाउँपालिका वडा नं ३ को पोखरीछापमा निर्माण गर्ने ।

वडा नं ४ को कार्यालय भवन घिरिङ गाउँपालिका वडा नं ४ को बरभञ्ज्याङ्गमा निर्माण गर्ने ।

वडा नं ५ को कार्यालय भवन घिरिङ गाउँपालिका वडा नं ५ को धेनुङ देउरालीमा निर्माण गर्ने।

निर्णय नं २०७६।०७७-००३।०२

प्रस्ताव नं २०७६।०७७-००३।०२ को प्रस्तावमाथी छलफल गर्दा चाडपर्वको समय नजिकिदै गएको सन्दर्भमा गाउँपालिकाको भौतिक तथा कार्यालयको सरसामानको सुरक्षाको लागि देहायबमोजिमको सेवा सुविधा प्राप्त गर्ने गरी सेवा करारमा नियुक्त गर्ने निर्णय गरियोः

क्र स	पद	नाम थर ठेगाना	तह। संख्या	मासिक तलब	कार्यरत कार्यालय	कैफियत
१	नगर प्रहरी	श्री प्रेम बहादुर राना घिरिङ ३ तनहुँ	प्रहरी जवान १ जना	१८०००	गाउँपालिका तनहुँ ।	एस एल सि उतिर्ण ।
२	पाले पहरा	साविकदेखी कार्यरत लाइ नै निरन्तरता दिने	कास ३ जना	६१००	गाउँपालिका तनहुँ ।	
३	गाउँपालिकामा खानेपानी व्यवस्थापन वापत खर्च			३१००		

क्र स १ अनुसार सेवा करारमा नियुक्त हुने व्यक्तीले २४ घण्टा गाउँपालिकामा सेवा गर्नु पर्नेछ । निजलाइ तलव बाहेक खाना खाजाको भत्ता वापत एकमुष्ट रु ६००० (छ हजार मात्र) दिइनेछ ।

निर्णय नं २०७६।०७७-००३।०१

प्रस्ताव नं २०७६।०७७-००३।०१ को प्रस्तावमाथी छलफल गर्दा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ पारित गर्ने ।

निर्णय नं २०७६।०७७-००३।०४

प्रस्ताव नं २०७६।०७७-००३।०४ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको सिमामा रहेको कालिगण्डकी नदी क्षेत्रमा रहेको नदिजन्य पदार्थहरु जिल्ला समन्वय समितिबाट अघिल्लो आर्थिक बर्षमा स्विकृत प्रारम्भिक बातावरणिय मुल्याङ्कनका आधारमा (ढुङ्गा, गिटी, वालुवा) ठेक्काको लागि प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७६ अनुसुची ६ को दररेटमा कायम रहने गरी तपसिल बमोजीमको घाटलाई छुट्टाटुट्टै ठेक्का कायम हुने गरी टेन्डर आव्हान गर्ने निर्णय गरियो ।

तपसिलः

क) तिम्सेना घाट

ख) भण्डारी घाट

ग) फुलवारी मालेबगर घाट

घ) मैदे देमान घाट नदिको वांया किनार

ङ) रानीघाट

च) सिन्दुर पुच्छार घाट

छ) खम्लिनटार घाट कालिगण्डकी नदी वाँया किनार

ज) खैरेनी घाट

झ) बालिघाट

ञ) बटौली घाट

ट) बालुवाटार घाट

निर्णय नं २०७६।०७७-००३।०५

प्रस्ताव नं २०७६।०७७-००३।०५ को प्रस्तावमाथी छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७६।०७७-००१।०४ तथा निर्णय नं २०७६।०७७-००३।०१ को अधिनमा रहि गाउँपालिकाको आन्तरिक आम्दानी संकलन गर्नका लागि गाउँपालिकाको सञ्चित कोषमा रकम जम्मा गराइ कालिगण्डकी कंक्रिट एण्ड ब्लक इन्डस्ट्रिज प्रा लि को तर्फबाट इन्द्र बहादुर थापा मगर (नेपाली नागरिकता प्रमाणपत्र नं ४३१०४७।७४) ले प्रस्ताव पेश गर्नुभएकोमा सो प्रस्तावलाइ स्विकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००३।०६

प्रस्ताव नं २०७६।०७७-००३।०६ को प्रस्तावमाथी छलफल गर्दा चालू आर्थिक बर्ष २०७६।०७७ को योजना तथा कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकार वाट प्राप्त हुनुपर्ने वित्तिय समानिकरण अनुदान, राजश्व वाँडफाँड र शशर्त अनुदानको रकम तथा गाउँपालिकाको आन्तरिक आम्दानी गाउँपालिकाको सञ्चित कोषमा जम्मा भइ श्रोत सुनिश्चित नभएसम्म कुनै पनि खर्च व्यहोर्ने दायित्व सिर्जना नगर्ने (योजना तथा कार्यक्रम सम्झौता नगर्ने) निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००३।०७

प्रस्ताव नं २०७६।०७७-००३।०७ को प्रस्तावमाथी छलफल गर्दा चालू आर्थिक बर्ष २०७६।०७७ को सामाजिक सुरक्षा भत्ता वापतको पहिलो किस्ता वापतको रकम नेपाल सरकार वाट प्राप्त हुनुपर्ने निकासा गाउँपालिकाको सञ्चित कोषमा जम्मा भइ श्रोत सुनिश्चित भएपश्चात

सम्पुर्ण वडा कार्यालयहरुको माग तथा MIS Entry का आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००३।०८

प्रस्ताव नं २०७६।०७७-००३।०८ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

(क) कार्यपालिकाको निर्णय नं २०७५।०७६-०२६।०२ मा निर्णयमा निम्नानुसार थप गर्ने प्राविधिक शाखामा कार्यरत इन्जिनियर, सव इन्जिनियर र हलुका सवारी चालकहरुमा करार सेवा अवधि एक बर्षभन्दा वढी पुगेकोमा खाइपाइ आएको एक महिनाको मासिक तलब बराबरको रकम चाडवाड खर्च वापत प्रदान गरी, मासिक रुपमा महंगी भत्ता रु २००० दिने, हलुका सवारी चालकलाइ अतिरिक्त सेवा भत्ता वापत रु ६००० सुविधा प्रदान गर्ने ।

(ख) सव इन्जिनियर तारानाथ रानाभाटलाइ निर्णय भएको मितिदेखी दैनिक ज्यालादारी करारबाट करार सेवामा नियुक्त गर्ने ।

(ग) कार्यपालिकाको निर्णय नं २०७५।०७६-०२६।०२ मा निर्णयमा करार सेवा अवधि एक बर्षभन्दा वढी पुगेको अन्य कर्मचारिलाइ खाइपाइ आएको एक महिनाको मासिक तलबको पच्चिस प्रतिशतले हुन आउने बराबरको रकम चाडवाड खर्च वापत प्रदान गर्ने ।

(घ) नेपाल सरकार शसर्त अनुदान तर्फ प्राप्त पहिलो चौमासिक निकासाको रकमबाट शिक्षकहरुको चौमासिक तलब भत्ता भुक्तानी गर्न तथा स्वास्थ्य तर्फ कार्यरत कर्मचारिहरुको तलब भत्ता भुक्तानी गर्न अपुग भएकोले हाललाइ गाउँपालिकाको आन्तरिक आयतर्फबाट सापटी दिइ शोधभर्ना गर्ने निर्णय गरियो ।

(ङ) गजरकोट प्रहरी चौकीको मोटरसाइकल मर्मत रु १२,८०० मात्र भुक्तानी गर्ने ।

(च) घिरिङ गाउँपालिका वडा नं ४ गडचौलिटार तनहुँमा स्वास्थ्य चौकी भवन निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्न सहयोगि निकाय समक्ष अनुरोध गर्ने ।

(छ) निम्नानुसारका व्यक्तिहरुलाइ आर्थिक सहायता प्रदान गर्ने

- नारायण प्रसाद बास्तोलाको छोरा कृष्ण प्रसाद वास्तोलालाइ रु १० हजार ।
- हरि सारु मगर बौदिकाली गाउँपालिकालाइ रु १५ हजार ।
- डाँडाँथोक खानेपानी योजना मर्मत रु १० हजार ।
- गजरकोट प्रहरी चौकीमा हतियार पुजा वापतको रु १० हजार ।
- गजरकोट नाहुथानमा पुजा सञ्चालन रु १० हजार ।
- भिष्म नेवार समाज भिमाद नपा रु १० हजार ।
- मोहन्ते सार्की घिरिङ १ रु १० हजार ।
- बृष बहादुर थापा घिरिङ ३ रु १० हजार ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७-००४।०१ सामाजिक सुरक्षा तथा संरक्षणको लगत कट्टा र भत्ता वितरण सम्बन्धमा ।
२०७६।०७७-००४।०२ गाउँपालिका जग्गा तथा प्रहरी चौकी जग्गा व्यवस्थापन सम्बन्धमा ।
२०७६।०७७-००४।०३ नदिजन्य पदार्थको ठेक्का सम्बन्धमा ।
२०७६।०७७-००४।०४ आर्थिक बर्ष २०७५।०७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२०७६।०७७-००४।०५ गाउपालिकाको शिक्षा शाखामा श्रोत व्यक्ती नियुक्ती सम्बन्धमा ।
२०७६।०७७-००४।०६ पर्यटन बर्ष २०१९-२०२२ को स्थानिय उपसमिति गठन सम्बन्धमा ।
२०७६।०७७-००४।०७ राष्ट्रिय योजना आयोगबाट माग भएको समपुरक विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।
२०७६।०७७-००४।०८ प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा ।
२०७६।०७७-००४।०९ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००४।०१

प्रस्ताव नं २०७६।०७७-००४।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको लागि अघिल्लो कार्यपालिका बैठकमा पेश भएका आर्थिक बर्ष २०७५।०७६ को तिन किस्तावापतको रकम भुक्तानि नलिएका तथा वसाँइसराइ तथा मृत्यु भएका लगायतका विविध कारणले कुल ४१२ जना लाभग्राहीको सूचिवाट लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वापतको प्रथम किस्ता अपुग रकम गाउँपालिका आन्तरिक श्रोतबाट सापट दिइ यथासम्भव छिटो सामाजिक सुरक्षा वितरण गर्ने निर्णय गरियो ।

लगत कट्टा गरीएका कुल जम्मा ४१२ जनाको विस्तृत नामावली यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७६।०७७-००४।०२

प्रस्ताव नं २०७६।०७७-००४।०२ को प्रस्तावमाथी छलफल गर्दा जिल्ला प्रहरी कार्यालय दमौली तनहुँको पत्र संख्या २०७६।०७७ चलानी नं ६१३ मिति २०७६।६।२९को पत्रानुसार प्रहरी चौकी घिरिङ घिरिङ गाउँपालिका ३ तनहुँ भवन निर्माणको लागी घिरिङ गाउँपालिका ३ पोखरीछाप गाउँपालिका केन्द्र रहेको वरपर प्रहरी चौकी भवन निर्माणको लागी जग्गा व्यवस्थापन गर्ने प्रतिवद्धता सहित तत्कालको लागी गाउँपालिका वरपर रहेका व्यक्तिगत भवनहरुमा भाडामा दिन आवश्यक सहजिकरण गाउँपालिकाबाट गर्ने र प्रहरी चौकी पुट्टार घिरिङ गाउँपालिका १ तनहुँ निर्माणको लागि आवश्यक न्यूनतम ५ रोपनी जग्गाको लागि घिरिङ गाउँपालिका वडा नं १ पुट्टारमा प्रहरी चौकी भवन निर्माणको लागी पुट्टार वरपर जग्गा व्यवस्थापन गर्ने प्रतिवद्धता सहित तत्कालको लागी वडा समितिको निर्णयका आधारमा व्यक्तिगत भवनहरुमा भाडामा दिन आवश्यक सहजिकरण गाउँपालिकाबाट गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००४।०३

प्रस्ताव नं २०७६।०७७-००४।०३ को प्रस्तावमाथी छलफल गर्दा आ.ब. २०७६/७७ को लागि नदिजन्य उत्खनन सम्बन्धि प्रथम पटक मिति २०७६/०६/१७ गते प्रकाशित सूचना अनुसार मिति २०७६/०७/०१ गते कार्यालय समय भित्र ठेक्का नं 04/SQ/IR/GRM/2076-

077 को शिलबन्दी दरभाउपत्र खरिदका लागि कालिगण्डकी कंक्रिट एण्ड ब्लक ईन्डष्ट्रिज घिरिङ गा.प.-१ र प्रशन्न निर्माण सेवा स्याङ्गजाले खरिद गरेको देखियो । मिति २०७६/०७/०३ गते नियमानुसार मध्यान्न १२:०० बजे भित्र एउटा मात्र फर्म श्री कालिगण्डकी कंक्रिट एण्ड ब्लक ई. घिरिङ गा.प.-१ ले फर्म दर्ता गरेको देखियो । घिरिङ गाउँपालिकाको लागत अनुमान अनुसार न्युनतम कबोल अंक (भ्याट र अग्रिम कर समेत गरि) रु. ५२३२३१.२२ रहेकोमा श्री कालिगण्डकी कंक्रिट एण्ड ब्लक ई. घिरिङ गा.प.-१ ले रु.३२८.६१ रुपियाँ थप गरि कबोल अंक रु. ५२३५५९.८३ मा ठेक्का पेश गरेको देखिन्छ । कार्यालयको न्युनतम अंक भन्दा रु.३२८.६१ थप गरि एउटा मात्र फर्म श्री कालिगण्डकी कंक्रिट एण्ड ब्लक ई. घिरिङ गा.पा.-१ ले शिलबन्दी दरभाउपत्र पेश गरेको देखिएकोले श्री कालिगण्डकी कंक्रिट एण्ड ब्लक ई. घिरिङ गा.प.-१ को प्रस्ताव स्विकृत गरी उक्त फर्मसँग कवोल अंक बराबरको रकम गाउँपालिकाको खातामा जम्मा गराइ नियमानुसार सम्झौता गर्ने र ठेक्का नलागेका बाँकी घाटहरु क्रमश 01/SQ/IR/GRM/2076-077 भण्डारी घाट, 02/SQ/IR/GRM/2076-077 मैदे दोभान घाट, 03/SQ/IR/GRM/2076-077 रानीघाट, 05/SQ/IR/GRM/2076-077 खैरेनी घाट, 06/SQ/IR/GRM/2076-077 बालीघाट को लागी पुन १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००४।०४

प्रस्ताव नं २०७६।०७७-००४।०४ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७५।०७६ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी लेखापरीक्षणको क्रममा औल्याएका बेरुजुको सम्बन्धमा आगामी दिनहरुमा सुधार गर्ने तथा असुल गर्नुपर्ने प्रकृतिका बेरुजुहरुको तत्काल असुल गराउनुको लागि नियमानुसार प्रक्रिया अगाडी वढाउन कार्यालयलाइ निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००४।०५

प्रस्ताव नं २०७६।०७७-००४।०५ को प्रस्तावमाथी छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७५।०७६-०१६।०१ को निर्णयमा तपशिल बमोजिम गर्ने:

१) श्री शंकर मा वि भिमाद १ तनहुँमा श्रोतव्यक्ती दामोदर खनालको सट्टामा कार्यरत श्री बिष्णु श्रेष्ठ लाइ २०७६ साउन देखी अर्को व्यवस्था नभएसम्म श्री दामोदर खनाललाइ घिरिङ गाउँपालिकामा कामकाजमा लगाउने ।
२) श्री विष्णु श्रेष्ठलाइ तलब मासिक रु ३५९९० अक्षेरुपी पैतिस हजार नौ सय नब्बे र महंगी भत्ता मासिक रु २००० अक्षेरुपी दुइ हजार मात्र दिने ।
३) उल्लेखित कार्यका लागि भिमाद नगरपालिका तनहुँमा आवश्यक समन्वय सहयोगका लागि अनुरोध गर्ने ।

निर्णय नं २०७६।०७७-००४।०६

प्रस्ताव नं २०७६।०७७-००४।०६ को प्रस्तावमाथी छलफल गर्दा तपशिल बमोजिमको समिति गठन गर्ने:

संयोजक: श्री रन बहादुर राना गाउँपालिका अध्यक्ष

सदस्यहरुः श्री सरस्वती घिमिरे सिग्देल (गाउँपालिका उपाध्यक्ष)
सदस्यः वडा अध्यक्षहरुबाट श्री प्रेम बहादुर थापा रण बहादुर गुरुङ र प्रेम बहादुर थापा ।
सदस्यः पर्यटन व्यवसायिहरुबाट श्री चन्द्रकला थापा बसन्ती दरै चोमानसिंह राना
सदस्य सचिवः प्रमुख प्रशासकिय अधिकृत घिरिङ गाउँपालिका तनहुँ ।

निर्णय नं २०७६।०७७-००४।०७

प्रस्ताव नं २०७६।०७७-००४।०७ को प्रस्तावमाथी छलफल गर्दा चालू आर्थिक बर्ष २०७६।०७७ को लागि राष्ट्रिय योजना आयोगबाट माग भएकोमा गाउँपालिकाको तथा वडा कार्यालयहरुको आफ्नै भवनको अभावमा सेवा प्रवाहमा कठीनाइ उत्पन्न भएकोले समपुरक र विशेष अनुदानको लागि गाउँपालिकाको आफ्नै प्रशासकिय भवन तथा वडा कार्यालयहरुको प्रशासकिय भवन निर्माणको गर्न योजना प्रेषण गर्ने । सो योजनाहरुको लागि चालू आर्थिक बर्ष २०७६।०७७ को लागि गाउँसभाबाट स्विकृत बजेट तथा कार्यक्रमलाइ आधार मानी बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००४।०८

प्रस्ताव नं २०७६।०७७-००४।०८ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकाबाट स्विकृत कर्मचारी प्रोत्साहन कार्यविधि बमोजिम कर्मचारी प्रोत्साहन वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००४।०९

प्रस्ताव नं २०७६।०७७-००४।०९ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

(क) घिरिङ गाउँपालिकामा कार्यरत फूल बहादुर थापा हस्त बहादुर थापा र सुन बहादुर आलेलाइ चाडवाडको अवसरमा कार्यालय सुरक्षा वापतको प्रोत्साहन वापत प्रतिव्यक्ती रु १००० एक हजार भुक्तानी दिने ।
(ख) गाउँपालिका सल्लाहकार श्री सुमन कुमार श्रेष्ठको मिति २०७६ साउनदेखी लागुहुने गरी एक बर्षको लागि करार म्याद थप गर्ने ।
(ग) घर जोखिममा रहेको घिरिङ गाउँपालिका वडा नं ३ खिलाको बृष बहादुर थापालाई रु १० हजार आर्थिक सहायता प्रदान गर्ने ।
(घ) पाँचवटै वडा कार्यालयहरुमा रंगिन प्रिन्टर, सोलार सेट, वडा सचिवको लागि घुम्ने कुर्ची, स्टील दराज खरिद गर्ने ।
(ङ) गाउँपालिकाभित्रको तथ्याङ्क संकलन गर्नको लागि गाउँ सभा सदस्यहरुलाइ परिचालन गर्ने
(च) स्वास्थ्य इकाइ अत्रौली गडचौलीटार मा कार्यरत अहेव रेनुका श्रेष्ठ अनमी रोजिशा ढुङ्गाना अहेव भुवनी पोखेल अहेव सुमन थापाको मिति २०७६ साउन १ गतेदेखी कार्तिक मसान्तसम्मका लागि मासिक तलब रु १६५०० मा रहेर करार म्याद थप गर्ने ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७-००५।०१ स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा ।

२०७६।०७७-००५।०२ सडक बोर्ड नेपालको बजेट कार्यान्वय सम्बन्धमा ।

२०७६।०७७-००५।०३ औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।

२०७६।०७७-००५।०४ कृषि तथा पशु सेवा शाखाको बार्षिक कार्यक्रम सम्बन्धमा ।

२०७६।०७७-००५।०५ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००५।०१

प्रस्ताव नं २०७६।०७७-००५।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को लागी स्थानिय पुर्वाधार साझेदारी कार्यक्रमका लागि तनहुँ जिल्ला क्षेत्र नं २ का लागी तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियोः

तपशिलः

ठुला योजनाहरुको हकमा			
क्र स	विवरण	कार्यान्वयन स्थल	कैफियत
१	घुमाउने ताल संरचना निर्माण	घिरिङ ३ तनहुँ	
२	पशुपती मोटरमार्ग निर्माण	घिरिङ २ ४	
मझौला तथा साना योजनाहरुको हकमा			
३	गोसाइकुण्ड बनडाँडा मोटरमार्ग निर्माण	घिरिङ ५	
४	करुवाटार सिंचाइ योजना निर्माण	घिरिङ ४	
५	धारादी खानेपानी योजना	घिरिङ २	
६	कालिका मुल खानेपानी योजना	घिरिङ ३	
७	पुट्टार खानेपानी योजना	घिरिङ १	
८	पुतगाउँ खानेपानी योजना	घिरिङ १	

यसका साथै गण्डकी प्रदेशको निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रमका लागी तपशिल बमोजिमका योजनाहरु छनौट गर्नेः

क्र स	विवरण	कार्यान्वयन स्थल	कैफियत
१	मोहोरिया मङ्याङ धेनुङ मोटरमार्ग	वडा नं ५	
२	नयाँटार सिंचाइ योजना	वडा नं ४	
३	घिरिङकोट भ्यूटावर जाने बाटो निर्माण	वडा नं ३	
४	आहाल खानेपानी योजना	वडा नं २	
५	पुट्टार कुमाल महिला समुह भवन निर्माण	वडा नं १	
६	अलैचिपानी खानेपानी योजना	वडा नं ५	

निर्णय नं २०७६।०७७-००५।०२

प्रस्ताव नं २०७६।०७७-००५।०२ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को लागी सडक बोर्ड नेपालको पत्र संख्या २०७६।०७७ चलानी नं ४४१ मिति २०७६।०५।१२ को पत्रानुसार गाउँपालिकाभित्र रहेको सडक मर्मत का लागी रु ६ लाख मात्र बजेटको लागि योजना माग भइआएकोमा सो का लागि निम्न सडक मर्मतका लागि गाउँपालिकाको गाउँसभाबाट स्विकृत समपुरक तर्फको बजेटबाट रु १ लाख २० हजार (Matching Fund) साझेदारी गराइ आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियोः

निम्नः

(क) कृष्ण मोटरमार्ग घिरिङ खण्ड (धेनुङ देउराली देखी केलादीघाट सम्म)

(ख) श्रृङ्गकाली मोटरमार्ग (मानपुर देखी डेढागाउँ सम्म)

(ग) श्रृङमार्ग (सुनाकोट देखी धारुङ भङ्ग्याङ्ग सम्मा)

निर्णय नं २०७६।०७७-००५।०३

प्रस्ताव नं २०७६।०७७-००५।०३ को प्रस्तावमाथी छलफल गर्दा उद्योग पर्यटन वन तथा वातारण मन्त्रालय गण्डकी प्रदेश नेपालको पत्र संख्या ०७६।०७७ चलानी नं ३९१ मिति २०७६।०६।१४ को पत्रानुसार घिरिङ गाउँपालिकाको वडा नं ४ सिमलघारिमा (साविक सुन्धारा गाविस १) औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि २०७५ को दफा ९ (१) र (२) बमोजिमको आवश्यक प्रक्रिया पुरा गराइ औद्योगिक ग्राम स्थापनाको लागि उद्योग पर्यटन वन तथा वातारण मन्त्रालय गण्डकी प्रदेशलाइ आवश्यक निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००५।०४ प्रस्ताव नं २०७६।०७७-००५।०४ को प्रस्तावमाथी छलफल गर्दा पशु सेवा शाखा तथा कृषि सेवा शाखाबाट प्रस्तावित तपशिल बमोजिमको कार्यक्रम स्विकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियोः

(क)

घिरिङ गाउँकार्यपालिकाको कार्यालय, तनहुँ							
पशु शेवा शाखाको आ.व. २०७६/०७७ प्रस्तावित बार्षिक कार्यक्रम रकम रु हजारमा							
क्र.स.	कार्यक्रमको नाम	खर्च शिर्षक	इकाई	आ.व. २०७६/०७७ बार्षिक कार्यक्रम			कैफियत
				बार्षिक लक्ष्य			
				परिमाण	भार	बजेट	
पुँजिगत खर्च अन्तरर्गतका कार्यक्रमहरु							
१	पिग क्याचर मिसिन		संख्या	१	०।१	४	
२	ड्रेन्चिङ्ग गन		संख्या	२	०।३	८	
३	मदर कन्टेनर		संख्या	१	१।७	५०	

४	कुल बक्स		संख्या	२	०।३	८	
५	अटो क्लिप मेशिन		संख्या	१	०।७	२०	
चालु खर्च अन्तरर्गतका कार्यक्रमहरू							
१	बाखा/बंगुर प्रवर्द्धन कार्यक्रम						
१।१	बाखा खोर सुधार कार्यक्रम		संख्या	१०	६।७	२००	
१।२	बंगुर खोर सुधार कार्यक्रम		संख्या	५	३।३	१००	
२	युवा लक्षित कार्यक्रम						
२।१	छनौट भएका बाखा फार्म लाई अनुदान कार्यक्रम		संख्या	२	३।३	१००	
२।२	छनौट भएका बंगुर फार्म लाई अनुदान कार्यक्रम		संख्या	१	१।७	५०	
३	गरिव सिमाङकृत तथा पिछाडिएको समुदायमा बाखा खरित वितरण तथा ढुवानी कार्यक्रम (प्रति वडा १० जना लाई १ वटाको दरले)		संख्या	५०	१६।७	५००	
४	पशु प्रजनन्न सेवा कार्यक्रम						
४।१	उन्नत प्रजनन बोका खरिद ढुवानी तथा वितरण कार्यक्रम (सहकार्यमा)		संख्या	५	४।२	१२५	
५	च्वाँचे संरक्षँण कार्यक्रम १० घरधुरीको समूह						
५।१	समूह गठन तथा अभिमूखिकरण तालिम		पटक	१	०।३	१०	
५।२	खोर निर्माण/मर्मत सुधार सहकार्य		संख्या	१०	२।५	७५	
५।३	च्वाचे पाठी खरिद सहकार्य		संख्या	१०	१।०	३०	
५।४	प्रजनन् भाले खरिद		संख्या	१	०।२	५	
५।५	खोप तथा परजिवि नियन्त्रण		पटक	३	०।२	५	
६	पशु आहारा सेवा कार्यक्रम						
६।१	हिउँदे घाँसको विउ खरिद वितरण तथा दुवानी कार्यक्रम		पटक	१	२।७	८०	
६।२	बर्षे/बहुबर्षे घाँसको विउ/वेर्ना/सेट्स/खरिद ढुवानी तथा वितरण कार्यक्रम		पटक	१	५।०	१५०	
७	पशु स्वास्थ्य कार्यक्रम						
७।१	पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम		पटक	१	२।७	८०	
७।२	पशु स्वास्थ्य औषधी खरिद कार्यक्रम		पटक	१	१।७	१७५	
८	सहायक स्तर तालिम						
८।१	ना.प.से.प्रा/ना.प.स्वा.प्रा को लागि पशु प्रजनन तथा कृतिम गर्भाधान सम्बन्धी तालिम (२ हप्ते)		संख्या	२	१।३	४०	
९	गाउँपालिका स्तरिय कृषको मागमा आधारित तालिम						

पेज ४ मध्यको ३

९।१	व्यवसायिक बाखा पालन तालिम (३ दिने)		पटक	१	२।३	७०	
१०	उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम (खसी/बोका)				१३।३	४००	
११	कृतिम गर्भाधान सम्बन्धि १ दिने कृषक तथा जनप्रतिनिधी अन्तरकृया अभिमुखिकरण गोष्ठी		पटक	१	२।०	८०	
१२	एक गाउँ एक प्राविधिकको तलब भत्ता			२	१६।७	५००	
१३	महंगी भत्ता		पटक	१२	१।६	४८	
१४	विभिन्न सुचना प्रकाशन/प्रसारण		पटक		०।२	७	
१५	अनुगमन मुल्याङकन खर्च		पटक		३।२	८०	
जम्मा खर्च					१००	३०००	

(ख) कृषि सेवा शाखा तर्फ पेश भएको कार्यक्रम पारित गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने

मल विउ खरिद तथा ३३ प्रतिशत अनुदानमा वितरण तर्फ रु १० लाख ।
हाते ट्रयाक्टर थ्रेसर वेसार पिस्ने मेसिन ४० प्रतिशत अनुदानमा वितरण रु १५ लाख
एक गाउँ एक प्राविधिक तलब २ लाख ५० हजार मंहगी भत्ता रु २५ हजार
च्याउ खेतीका लागि विउ वितरण ५० प्रतिशत अनुदानमा रु २५ हजार
मौरी घार वितरण ५० प्रतिशत अनुदानमा २ लाख

निर्णय नं २०७६।०७७-००५।०५ प्रस्ताव नं २०७६।०७७-००५।०५ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

(क) मृगौला तथा मुटुरोगबाट पिडित श्री सविना नेपाली लाइ आर्थिक सहयोग रु १० हजार मात्र।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७-००६।०१ गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२०७६।०७७-००६।०२ अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र सम्बन्धमा ।
२०७६।०७७-००६।०३ कृषि र पशु सेवाका करार कर्मचारीहरुको म्याद सम्बन्धमा।
२०७६।०७७-००६।०४ प्रहरी चौकीको भवन मर्मत सम्बन्धमा ।
२०७६।०७७-००६।०५ बिबिधः
खुल्ला पुरुष भलिबलमा सहभागिताको खर्च भुक्तानी सम्बन्धमा ।
चन्द्रज्योती मावीको प्रस्तावना सम्बन्धमा ।
आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००६।०१

प्रस्ताव नं २०७६।०७७-००६।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको गाउँ सभाबाट शैक्षिक संस्थाहरुलाइ सहायता शिर्षकमा विनियोजित रु ४५ लाखको विनियोजन सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०७६ मंसिर ३ गतेको बैठकमा निर्णयहरु देहायबमोजिम रहने गरी अनुमोदन गर्नेः

देहायः

(क) गाउँपालिकाभित्रका १-३ सञ्चालनहुने कुल जम्मा सोह्र विद्यालयहरुका लागि प्रति विद्यालय रु ३५ हजारका दरले अनुदान वितरण गर्ने ।

(ख) गाउँपालिकाभित्रका १-५ सञ्चालन हुने जम्मा १० विद्यालयहरुमध्ये श्री सरस्वती प्रावि घिरिङ ५ तनहुँ श्री कल्याणदेवी प्रावि घिरिङ ४ तनहुँ श्री जयनेपाल प्रावि घिरिङ ४ तनहुँ श्री राजपुर प्रावि घिरिङ ४ तनहुँ श्री पशुपतिनाथ प्रावि घिरिङ २ तनहुँ श्री गुदिभञ्याङ्ग प्रावि घिरिङ १ तनहुँलाइ प्रति विद्यालय ७० हजारका दरले अनुदान वितरण गर्ने ।

(ग) गाउँपालिकाभित्रका १-५ सञ्चालन हुने जम्मा १० विद्यालयहरुमध्ये

श्री चण्डी प्रावि घिरिङ २ तनहुँ रु ३५ हजार मात्र ।

श्री पार्वती प्रावि घिरिङ २ तनहुँ रु ७५ हजार मात्र ।

श्री भैरव प्रावि घिरिङ ३ तनहुँ रु ३५ हजार मात्र ।

श्री बुद्धि प्रावि घिरिङ ५ तनहुँ रु ४० हजार मात्रका दरले अनुदान वितरण गर्ने।

(घ) गाउँपालिकाभित्रका १-८ सञ्चालन हुने कुल जम्मा तीन (३) विद्यालयहरुका लागि प्रति विद्यालय रु ४० हजारका दरले अनुदान वितरण गर्ने ।

(ङ) गाउँपालिकाभित्रका १-१० सञ्चालन हुने कुल जम्मा सात (७) विद्यालयहरुमध्ये

श्री दिपक मावी घिरिङ १ तनहुँ र सरस्वती मावी घिरिङ ५ तनहुँलाइ रु प्रति विद्यालय रु १/१ लाखका दरले अनुदान वितरण गर्ने ।

(च) गाउँपालिकाभित्रका १-१० सञ्चालन हुने कुल जम्मा सात (७) विद्यालयहरुमध्ये

श्री कामधेनु मावी घिरिङ ५ तनहुँ ।

श्री राष्ट्रिय मावी घिरिङ २ तनहुँ ।

श्री कृष्ण मावी घिरिङ १ तनहुँ ।

श्री चन्द्रज्योती घिरिङ ३ तनहुँ लाइ प्रति विद्यालय रु २/२ लाखका दरले अनुदान वितरण गर्ने ।

श्री महेन्द्रज्योती मावी घिरिङ ४ लाइ रु ४११८०० मात्र अनुदान वितरण गर्ने।

(छ) गाउँपालिकाभित्रका श्री धानी प्रावी घिरिङ ३ तनहुँ र जलबाराही प्रावी घिरिङ ५ लाइ २८६१०० मात्रका दरले अनुदान वितरण गर्ने ।

(ज) सुत्केरी सट्टा सिक्षक बापत रु ४७५००० मात्र अनुदान वितरण गर्ने सोको लागि आगामी वैठकमा प्रस्ताव पेश गर्ने ।

(झ) बालबिकास सहयोगी कार्यकर्ता र कार्यालय सहयोगी र कार्यालय सहायक सवै गरी ६३ जनालाइ प्रति व्यक्ती १००० का दरले १२ महिनाको कुल रु ७५६००० मात्र अनुदान वितरण गर्ने।

(ञ) घिरिङ गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन अनुमतीपत्र विना शिक्षक नियुक्ती सम्बन्धमा भएको गाउँ शिक्षा समितिको निर्णय बमोजिम गर्ने ।

(ट) कृष्ण मावी घिरिङ १ पुट्टार तनहुँमा कार्यरत शिक्षक श्री लिलाबहादुर सुनारलाई हाल कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालय श्री दिपक मावी बैडी घिरिङ १ तनहुँको विद्यालय व्यवस्थापन समितिको सहमतीको आधारमा श्री लिलाबहादुर सुनारलाइ कार्यपालिका बैठक जवाफदेही हुनेगरी आजको कार्यपालिकाको निर्णयका आधारमा दिपक माविमा सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००६।०२

प्रस्ताव नं २०७६।०७७-००६।०२ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिम निर्णय गर्नेः

(क) गाउँपालिकाको गाउँ सभाबाट अपाङ्गता लक्षित वजेट रु ४ लाखबाट प्रत्येक वडामा कम्तिमा एक एक दिन अपाङ्गता भएका व्यक्तीहरुलाइ परिचयपत्र वितरण गर्ने शिविर सञ्चालन गर्ने जसको लागी आबश्यक पर्ने प्राविधिक जनशक्ती (डाक्टर, फोटो खिच्ने व्यक्ती) लगायत गाउँपालिकाबाट खटाइएकका जनशक्तीहरुलाइ गाउँपालिकाको खर्चको

मापदण्ड बमोजिम पारिश्रमिक प्रदान गर्ने उल्लेखित कार्यहरुको लागि बजेट अपुग भएमा गाउँ सभाबाट बिनियोजित रकमबाट रकम उपलब्ध गराउने सो सम्पुर्ण कार्यको जिम्मेवारी अपाङ्गता समन्वय समितिलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००६।०३

प्रस्ताव नं २०७६।०७७-००६।०३ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकाको पशु सेवा शाखामा कार्यरत ना प्रा स मनोज श्रेष्ठ र सन्तोष सिग्देल तथा कृषि सेवा शाखामा कार्यरत ना प्रा स बर्षा थापालाइ हालसम्म खाइपाइ आएको मासिक तलबमा रहने गरी २०७६ पुष मसान्तसम्मका लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००६।०४ प्रस्ताव नं २०७६।०७७-००६।०४ को प्रस्तावमाथी छलफल गर्दा गजरकोट प्रहरी चौकी भवन मर्मत तथा दुइ कोठे भवन निर्माणका लागी रु २ लाख बजेट कृष्ण मोटरमार्ग स्तरोन्नती तर्फको शिर्षकबाट शिर्षकान्तर गरी अनुमोदनका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७६।०७७-००६।०५ प्रस्ताव नं २०७६।०७७-००६।०५ को प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

(क) मिति २०७६ असोज ३० देखी कार्तिक ३ गतेसम्म सम्म सञ्चालन भएको खुल्ला पुरुष भलिबलमा सहभागिताको खर्च रु १५९०० मात्र आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) चन्द्रज्योती मावी घिरिङ ३ तनहुँबाट प्राप्त प्रस्तावमा अघिल्लो आर्थिक बर्षमा भएको कामकाजमा नदोहोरिने गरी प्राप्त प्रस्ताव पारित गर्ने ।

(ग) धुलिखेल अस्पताल व्यवस्थापन शिर्षकमा विनियोजित रु ३ लाखलाइ अस्पतालको भवनको भाडा तथा कार्यालय व्यस्थापनका लागी र कार्यालय सहयोगीको तलब भत्ता शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७६।०७७-००७।०१ शिक्षक पदस्थापन सम्बन्धमा ।

२०७६।०७७-००७।०२ ठेक्का स्विकृत सम्बन्धमा ।

२०७६।०७७-००७।०३ लागत अनुमान संशोधन सम्बन्धमा ।

२०७६।०७७-००७।०४ बिबिधः आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७६।०७७-००७।०१

प्रस्ताव नं २०७६।०७७-००७।०१ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा घिरिङ गाउँपालिका तनहुँमा शिक्षक सेवा आयोगबाट सिफारिस भइ शिक्षा समन्वय इकाइ दमौलीबाट स्थाइ नियुक्ती लिइ पदस्थापनका लागी घिरिङ गाउँपालिका तनहुँमा आउनुभएका तपशिल बमोजिमका शिक्षकहरुलाइ देहायबमोजिम पदस्थापन गराउने निर्णय गरियोः

क्रस	विद्यालय	ठेगाना	शिक्षक	ठेगाना
१	राधाकृष्ण प्रा वि	घिरिङ २ सिखरडाँडा	सन्तोष कुमार साह	एकडारा २ महोत्तरी
२	जनप्रिय प्रा वि	घिरिङ ३ गोफा	आसमान भुजेल	बन्दिपुर ३ तनहुँ
३	अकला देवी प्रा वि	घिरिङ ४ लोहडाँडा	विनोद परियार	व्यास १२ तनहूँ
४	कृष्ण गँगा प्रा वि	घिरिङ १ वन्टार	सुशिल कुमार पाण्डे	महोत्तरी ४
५	सिर्जना प्रा वि	घिरिङ ३ खिला	धन बहादुर गुरुङ	भानु १३ तनहुँ
६	कालिका देवि प्रा वि	घिरिङ ३ हर्सिङडाँडा	विजय प्रसाद मेहता	महागढीमाइ १ बारा
७	कालिका देवि प्रा वि	घिरिङ ३ हर्सिङडाँडा	सर्वजित यादव	लक्ष्मीनिया ४ धनुषा
८	थानी प्रा वि	घिरिङ ३ नेवापानी	सुलोचना पौडेल	रिसिङ ५ तनहुँ
९	जल बराही प्रा वि	घिरिङ ५ प्रा वि	राज किशोर राय	कविलासी८ सर्लाही
१०	सत्यदेवि प्रा वि	घिरिङ ४सिफ्लुङ	कृष्ण राय यादव	गढीमाइ ७ रौतहट
११	पार्वती प्रा वि	घिरिङ २ कोलडाँडा	धनोज कुमार यादव	गढीमाइ ४ रौतहट
१२	पार्वती प्रा वि	घिरिङ २ कोलडाँडा	सुनिल कुमार साह	राजपुर २ रौतहट
१३	बुद्धि प्रा वि	घिरिङ ५ मचाबारी	देव बहादुर थापा	रिसिङ ७ तनहुँ
१४	कल्याण देवी प्रा वि	घिरिङ ४ करुवाटार	सन्जय कुमार	कलैया २० बारा
१५	सरस्वती प्रा वि	घिरिङ ५ च्याचुल	बेचन कुमार महतो	कमला ७ धनुषा
१६	चण्डी प्रा वि	घिरिङ २ काठेकोट	दिपेन्द्र पोखरेल	शुक्लागण्डकी ८ तनहुँ
१७	राजपुर प्रा वि	घिरिङ ४ कोटसाभुङ	श्याम कुमार यादव	डाक्नेश्वरी २ सप्तरी
